競爭事務委員會
COMPETITION
COMMISSION

香港黃竹坑黃竹坑道8號South Island Place 19樓
19/F, South Island Place, 8 Wong Chuk Hang Road,
Wong Chuk Hang, HONG KONG
T: +852 3462 2118 F: +852 2522 4997
Website: www.compcomm.hk

# जातीय समानताको प्रवर्द्धनको लागि
# विद्यमान तथा योजनावद्ध उपायहरु

## प्रतिस्पर्धा आयोग (कम्पिटिसन कमिसन)

प्रतिस्पर्धा आयोग (द कमिसन) एक स्वतन्त्र वैधानिक निकाय हो जुन प्रतिस्पर्धा अध्यादेश (क्याप. 619) (यस अध्यादेश) अन्तर्गत स्थापना भएको हो । यो आयोगलाई, तसर्थ उपभोक्ताहरुको लागि धेरै विकल्पहरु र उच्च गुणस्तर तथा मूल्यका वस्तुहरु र सेवाहरु ल्याउँदै, व्यवसायको स्वतन्त्र प्रवाह, कार्य-क्षमता र नविनता अनुकुल प्रतिस्पर्धी वातावरण प्रवर्द्धन गर्ने कार्य तोकिएको छ । यस आयोगले सर्वसाधारणहरुलाई उनीहरुको जातीय पृष्ठभूमिको बाबजुद पनि सेवाहरु समान रुपमा पहुँच भएको सुनिश्चतता गर्न महत्त्वपूर्ण ठान्दछ ।

### (A) सर्वसाधारणहरुको उजुरीहरु

| | |
|---|---|
| सम्बन्धित सेवाहरु | यस अध्यादेशका सम्भावित उल्लंघनहरुको पहिचान गर्न सर्वसाधारणहरुलाई आयोगमा उजुरीहरु गर्ने माध्यमहरु प्रदान गर्न । |
| विद्यमान उपायहरु | कुनै व्यक्तिले उजुरी दिन चाहेमा टेलिफोन/ हुलाक/ ईमेल/ अनलाइन उजुरी फारम मार्फत /स्वयम (अपोइन्टमेन्ट द्वारा मात्र) आयोगलाई सम्पर्क गर्न सक्नेछ।<br><br>उपरोक्त माध्यमहरुमा चिनियाँ र/वा अंग्रेजी प्रयोग गर्न सकिनेछ ।<br><br>सेवाहरु आवश्यकता तथा उपयुक्त अनुसार व्यवस्था गरिनेछ । |
| भावी कार्यहरुको मूल्याङ्कन | यस आयोगले सर्वसाधारणहरुको आवश्यकताहरु पूर्ति गर्न उपरोक्त माध्यमहरुको समय समयमा समिक्षा गर्नेछ । |

| | |
|---|---|
| लिइएका / लिइने थप उपायहरु | यस आयोगले आफ्ना जातीय समानताका नीति तथा उपायहरुका प्रभावहरुको मूल्यांकनका लागि र सेवाका प्रावधानहरुको निरन्तर सुधारको सक्षमताका लागि, दोभाषे/ अनुवाद सेवाहरुको आवश्यक भएका सेवा प्रयोगकर्ताहरुका लागि Óदोभाषे/अनुवाद सेवाहरुको आवश्यकताÓ तथा Óरोजाइको भाषाÓ बारे जानकारी सङ्कलन गर्नेछ । |

(B) प्रतिस्पर्धा अध्यादेशको प्रवर्धन

| | |
|---|---|
| सम्बन्धित सेवाहरु | प्रतिस्पर्धाको महत्त्व र यस अध्यादेशले कसरी प्रतिस्पर्धालाई बढावा दिन्छ भनि सर्वसाधारणहरुको बुझाइ प्रवर्धन गर्न सार्वजनिक शिक्षा अभियानहरु र अन्य पहलहरु सञ्चालन गर्ने । |
| विद्यमान उपायहरु | शैक्षिक सामाग्रीहरु (जस्तैः भिडियोहरु, पर्चा, पुस्तिका र निर्देशिकाहरु) तथा अभियानहरुका जानकारीहरु चिनियाँ र अंग्रेजी भाषामा प्रदान गरिएका छन् ।<br>यो अध्यादेश सम्बन्धी गोष्ठी र बैठकहरु क्यान्टोनिज र अंग्रेजीमा आयोजना गरिनेछ । आवश्यक र उपयुक्त भएमा समकालिन व्याख्या सेवाको व्यवस्था गरिनेछ ।<br><br>नीति निर्माण तथा मार्गदर्शन, परामर्श तथा सार्वजनिक पञ्जिकरणहरु ईत्यादी सम्बन्धी जानकारीहरु यस आयोगको वेबसाइटमा चिनियाँ र अंग्रेजी भाषामा उपलब्ध छन् । |
| भावी कार्यहरुको मूल्याङ्कन | आयोगले माथि उल्लेखित उपायहरुको समिक्षा गर्नेछ र आवश्यक भएमा एवं रूपमा सुधार गर्नेछ । |

(C) <u>कर्मचारी प्रशिक्षण</u>

| | |
|---|---|
| सम्बन्धित सेवाहरु | आयोगका कर्मचारीहरुलाई प्रशिक्षण प्रदान गर्ने । |
| विद्यमान उपायहरु | मानव संसाधन विभागका कर्मचारीहरु कार्यस्थलमा जातीयता सम्बन्धी मुद्दाहरु बारे बुझ्न नियमित रुपमा जातीय विभेदको मुद्दाहरु सम्बन्धी प्रशिक्षणमा सहभागी हुनेछन् । |
| भावी कार्यहरुको मूल्याङ्कन | यस आयोगले कार्यस्थलमा जातीय समानता प्रवर्धन गर्न यसका तालिम नीतिहरु नियमित रुपमा मूल्याङ्कन र समिक्षा गर्नेछ । |
| लिइएका / लिइने थप उपायहरु | यस आयोगले समान अवसर आयोग वा अन्य गैर-सरकारी संस्थाहरुसँग यसका सबै कर्मचारीहरुलाई कार्यस्थलमा हुने जातीय विभेद सम्बन्धी उनीहरुको बुझाइलाई सुदृढ गर्न, सबै |

कर्मचारीहरुलाई जाति-सम्बन्धी मुद्दाहरुका तदानुकुल तालिमहरु प्रदान गर्न सहयोगको लागि सम्पर्क गर्नेछ ।

आयोगले विभिन्न जातीय र सांस्कृतिक पृष्ठभूमिका मानिसहरु बारे बुझाइलाई सुदृढ गर्न र उनीहरुका आवश्यकतानुसार आफ्ना सेवाहरुमा सुधार गर्न, कर्मचारीहरुलाई नियमित रुपमा सांस्कृतिक जागरुकता तथा विविधतताका सवालहरु सम्बन्धी तालिमहरुमा सहभागी हुन प्रोत्साहन तथा मनोनयन गर्नेछ । कर्मचारीको जानकारीको लागि सान्दर्भिक जानकारी नियमित रूपमा इन्ट्रानेटमा अपलोड गरिनेछ ।

सोधपुछका लागि, कृपया प्रशासनिक अधिकारी,मिस एना योङ्गलाई निम्न माध्यमद्धारा सम्पर्क गर्नुहोस् –


टेलिफोन: 3462 2118

फ्याक्स: 2522 4997

इमेल: enquiry@compcomm.hk

पत्राचार ठेगाना: 19/F, South Island Place, 8 Wong Chuk Hang Road,
Wong Chuk Hang, Hong Kong


**प्रतिस्पर्धा आयोग (Competition Commission)**
**मे 2024**